01C

प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

☏: ०७१-५५०००३,
०७१-५५००६३

पत्र संख्या : ०७६।७७
चलानी नं.: 03

मिति : २०७६।०४।०१

विषय : आर्थिक वर्ष २०७६/७७ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन ।

प्रिय सहकारीज्यू,

आर्थिक वर्ष २०७६/७७ को सेवा र कार्यहरुको लागि प्रदेश नं. ५ प्रदेश संचित कोषबाट तहाँ मन्त्रालय/कार्यालय/सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त खर्च गर्ने अधिकारका लागि प्रदेश नं. ५ प्रदेश सभाबाट प्रदेश विनियोजन ऐन, २०७६ स्वीकृत भएको व्यहोरा यहाँलाई अवगत नै छ । उक्त ऐनको अनुसूचि र व्यय अनुमानको विवरणमा उल्लिखित रकम खर्च गर्न प्रदेश नं. ५, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १६ बमोजिम अधिकार प्राप्त अधिकारीले खर्च गर्न सक्ने हुँदा सो अनुसार तहाँको लागि छुट्याईएको रकमको प्रचलित कानून बमोजिम खर्च गर्ने, गराउने, लेखा राख्ने, प्रतिवेदन गर्ने र लेखापरीक्षण गर्ने, गराउने समेतको जिम्मेवारी तहाँबाट हुने नै छ ।

आगामी आर्थिक वर्षको शुरुमै बजेट कार्यान्वयनमा लैजाने र लक्ष्य अनुसार भौतिक एवम् वित्तीय प्रगति हासिल गर्ने सोंच अनुरुप सहकारीज्यू मातहतका निकायमा नयाँ आ.व. २०७६/७७ प्रारम्भ भएको पहिलो महिनामा नै बजेट कार्यान्वयनका प्रारम्भिक चरणहरुको कार्य (वातावरणीय प्रभाव मूल्यांकन, जग्गा प्राप्तिको सूचना प्रकाशन, कार्यान्वयन संरचना र जनशक्ति व्यवस्थापन, बोलपत्र कागजातको तयारी, ऐन, नियम, निर्देशिका, कार्यविधि तर्जुमा/संशोधन/परिमार्जन आदि) र दोस्रो चौमासिक अवधिभित्रै प्रमुख कार्यक्रमहरुको अधिकांश कार्य सम्पन्न हुनेगरी व्यवस्थापन हुनेछ भन्ने कुरामा म विश्वस्त छु।

**तपसिल बमोजिमका मार्गदर्शनका आधारमा बजेट कार्यान्वयन गर्नुहुन अनुरोध छ ।**

**(क) कार्यक्रम स्वीकृति तथा बजेट बाँडफाँड**

(१) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा विस्तृत रुपमा क्रियाकलाप उल्लेख गरी समावेश भएको कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

(२) प्रशासनिक खर्च वाहेक PLMBIS मा कार्यक्रम/क्रियाकलाप स्पष्ट नखुली एकमुष्ट रुपमा विनियोजित रकमको क्रियाकलापगत विवरण खुलाई चौमासिक विभाजन सहितको कार्यक्रम तयार गरी २०७६ श्रावण मसान्तसम्म PLMBIS मा प्रविष्टि गरी यस मन्त्रालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नुहुनेछ।

सचिव

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

☏: ०७१-५५०००३,
०७१-५५००६३

पत्र संख्या : ०७६।७७
चलानी नं.: ०२

(३) PLMBIS मा कार्यक्रम र कार्यक्रम संख्या उल्लेख भएको तर क्रियाकलाप र कार्यान्वयन गर्ने स्थान स्पष्ट नभएको कार्यक्रमको स्पष्ट रुपमा क्रियाकलाप र स्थान खुलाई यस मन्त्रालयको सहमती लिएर कार्यान्वयन गर्नुहुनेछ ।

(४) एउटै अनुदान संकेत भित्रको एउटा कार्यालय/निकायको नाममा स्वीकृत कार्यक्रम अर्को कार्यालय/निकायबाट कार्यान्वयन गर्नुपर्ने भएमा PLMBIS मा संशोधन प्रस्ताव प्रविष्टि गरी यस मन्त्रालयको स्वीकृती लिएर कार्यान्वयन गर्नुहुनेछ ।

(५) मन्त्रालय/सचिवालय/कार्यालयमा उपलव्ध कार्यक्रमहरुमा विनियोजित रकम खर्च नगरी नयाँ कार्यक्रमका लागि थप निकासा माग गर्नु हुनेछैन । आ.व. २०७६/७७ को नीति कार्यक्रम तथा बजेटमा उल्लेख भएका र कानूनतः स्थापना गर्नुपर्ने कुनै संगठन, त्यसको संरचना र दरवन्दी सिर्जनासम्बन्धी निर्णय गर्नुपूर्व यस मन्त्रालयको सहमति लिनुहुनेछ ।

(६) नेपाल सरकारबाट सशर्त अनुदान वापत हस्तान्तरण भएको रकम जुन आयोजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही आयोजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन गर्ने अवधि, कार्यान्वयनको प्रक्रिया र खर्चको विवरण सहितको कार्ययोजना २०७६ श्रावण २० गतेभित्र यस मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पेश गरेर कार्यान्वयन गर्नुहुनेछ ।

(७) बजेट तथा कार्यक्रममा समावेश भएको भएतापनि एकभन्दा बढी चार पाङ्ग्रे सवारीसाधन खरिद गर्नुपूर्व यस मन्त्रालयको सहमति लिनुहुनेछ ।

(८) प्राकृतिक प्रकोप, विपद् र विशेष अवस्थामा बाहेक थप निकासा/रकमान्तर मागलाई यस मन्त्रालयबाट सम्बोधन नगरिने हुँदा विनियोजित बजेटको सीमाभित्र रही कार्यक्रम कार्यान्वयन गराउनुहुनेछ ।

(९) स्रोतको सुनिश्चितता नभई कार्यक्रम स्वीकृति वा संशोधन नगर्ने/नगराउने व्यवस्था पालना गर्नुहुनेछ । स्रोतको सुनिश्चितता नभई शुरु गरिएका खरिद प्रक्रिया वा अन्य कार्यबाट सिर्जना हुने दायित्वका लागि यस मन्त्रालयबाट थप निकासा गरिने छैन । प्रदेश सरकारको दायित्व पर्नेगरी विदेश भ्रमणमा खटाउँदा मन्त्रालयको सम्बन्धित शीर्षकमा बजेट विनियोजन भएको भए वा नभए पनि यस मन्त्रालयको पूर्व सहमति लिनुपर्नेछ ।

सचिव

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

☎: ०७१-५५०००३, ०७१-५५००६३

पत्र संख्या : ०७६।७७
चलानी नं.: 03

**(ख) बजेट निकासा तथा बजेट कार्यान्वयन व्यवस्था**

(१०) बजेटको प्रभावकारी कार्यान्वयनको लागि बजेटमा समावेश भएका कार्यक्रमहरुको समयसीमा, प्रतिफल सूचक र जिम्मेवारी सहितको कार्ययोजना ०७६ श्रावण १५ गते भित्र स्वीकृत गरी कार्य सम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(११) विभिन्न किसिमका कोष, अनुदान, सहायता, मागमा आधारित कार्यक्रम आदिमा विनियोजन भएको रकम कार्यविधि र मापदण्ड अनिवार्य रुपमा यस मन्त्रालयको सहमति लिई स्वीकृत गर्ने र कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

(१२) तहाँ अन्तर्गत स्थापना/हस्तान्तरण हुने सचिवालय, विभाग, कार्यालय आदिका लागि भैपरी आउनेमा विनियोजन गरिएको रकम संरचना एकीन भएपछि खर्च शीर्षकगत रुपमा बाँडफाँड गरी यस मन्त्रालयको स्वीकृति लिएर कार्यान्वयन गर्नुहुनेछ । रकम बाँडफाँड गर्दा तलब, भत्ता, भाडा, पानी बिजुली, संचार महसुल जस्ता अनिवार्य दायित्वमा यथेष्ट बाँडफाँड गर्नु हुनेछ ।

(१३) खर्च शिर्षक नं. २८९११ (भैपरी आउने चालू खर्च) र ३१५११ (भैपरी आउने पूँजीगत खर्च) मा विनियोजित बजेट यस मन्त्रालयबाट बाँडफाँड स्वीकृत गराई खर्च गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(१४) स्वीकृत भएका बहुवर्षीय आयोजनाहरु निरन्तर कार्यान्वयन गर्नुहुनेछ ।

(१५) नयाँ आयोजनाहरुको DPR प्रतिवेदन मस्यौदा भएपछि त्यसमा प्रदेश योजना आयोग र यस मन्त्रालयको प्रतिक्रिया लिएपछि मात्र कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुहुनेछ ।

(१६) प्रदेशअन्तर्गत विभिन्न जिल्ला तथा स्थानीय स्तरमा संचालन हुने तालिम, गोष्ठी, अन्तरक्रिया आदि संचालन गर्दा अन्य मन्त्रालयहरुसँग समन्वय गरी एकीकृत रुपमा संचालन गर्ने एवम् प्रदेश सरकारबाट स्वीकृत खर्चको मापदण्ड अनुकूल हुने व्यवस्था मिलाउनु हुनेछ ।

(१७) सार्वजनिक खरिद कार्य गर्दा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराई कार्य गर्नु हुनेछ । आयोजनाहरुको संभाव्यता अध्ययन, ड्रइङ्ग डिजाइन, लागत अनुमान, बोलपत्र कागजात तयार गर्ने, ठेक्का बन्दोबस्त गर्ने लगायतका कार्य तत्काल शुरु गरी समयमै कार्य सम्पादन गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

(१८) निर्माण व्यवसायीहरुसँग खरिद सम्झौता गरी कार्यान्वयन हुने निर्माण कार्यहरु खरिद सम्झौता अनुसार काम भए नभएको सूक्ष्म अनुगमन गरी समयमा कार्य सम्पन्न गर्ने व्यवस्था मिलाउनु

सचिव

☏: ०७१-५५०००३, ०७१-५५००६३

पत्र संख्या : ०७६।७७
चलानी नं.: ०३

हुनेछ। समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीहरुलाई प्रचलित कानूनबमोजिम कारवाही गर्नु हुनेछ।

(१९) विनियोजित बजेटभन्दा बढी रकमको र अर्को आर्थिक वर्षमा दायित्व पर्नेगरी खरिद कार्य गर्नु पर्ने भएमा खरिद कार्य शुरु गर्नु पूर्व यस मन्त्रालयको सहमति लिई मात्र अघि बढाउनु हुनेछ ।

(२०) नेपाल सरकारबाट हस्तान्तरण गरेको योजना वा कार्यक्रम कार्यान्वयन गर्न तत्काल संरचना र जनशक्ति नभएमा नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्न सकिने प्रावधान रहेको हुँदा यसरी कार्यान्वयन गर्नुपर्ने भए यस मन्त्रालयको स्वीकृति लिई कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

(२१) नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानमा सञ्चालन हुने आयोजना वा कार्यक्रम कार्यान्वयनका लागि द्विविधा पर्न गएमा यस मन्त्रालय र सम्बन्धित संघीय मन्त्रालय सँग समन्वय गर्नु हुनेछ ।

### (ग) बजेट खर्च, रकमान्तर तथा प्रतिवेदन

(२२) बजेट कार्यान्वयनको सिलसिलामा रकमान्तर एवम् स्रोतान्तर गर्नुपर्ने भएमा यस मन्त्रालयको स्वीकृती लिनुहुनेछ ।

(२३) पूँजीगत खर्च तर्फ विनियोजित रकम चालू खर्चमा र पूँजीगत अनुदानमा विनियोजित रकम चालू अनुदानमा रकमान्तर गर्न सकिने छैन ।

(२४) पदाधिकारी र कर्मचारीको पारिश्रमिक, तलब, भत्ता, पोशाक, साथै पानी तथा बिजुली, संचार महसुलमा आगामी वर्षहरूको लागि दायित्व नसर्ने गरी खर्च व्यवस्थापन गर्नु हुनेछ । यी खर्च शीर्षकहरूबाट यस मन्त्रालयको स्वीकृति नलिई अन्यत्र रकमान्तर गर्न सकिने छैन ।

(२५) स्वीकृत दरबन्दी तथा बजेटको परिधिभित्र रहेर मात्र सेवा करार व्यवस्थापन गर्नुहुनेछ। सेवा करारमा कार्यरत व्यक्तिहरुको पारिश्रमिक/सेवा शुल्क खर्च शीर्षक नं. २२४१३ बाट मात्र खर्च लेख्नुहुनेछ।

(२६) विभिन्न प्रकारका भुक्तानी गर्दा अनिवार्य रुपमा नियमानुसारको कर कट्टी गर्ने व्यवस्था मिलाउनुहुनेछ ।

(२७) नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानमार्फत संचालन हुने कार्यक्रमहरुको बजेट निकासा महालेखा नियन्त्रक कार्यालयबाट खर्च विवरणका आधारमा चौमासिक रुपमा प्राप्त हुने हुँदा खर्चको विवरण

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

☏: ०७१-५५०००३,
०७१-५५००६३

पत्र संख्या : ०७६।७७
चलानी नं.: ०२

मासिक रुपमा र प्रगति प्रतिवेदन चौमासिक रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालय र यस मन्त्रालयमा पठाउनु हुनेछ।

(२८) नेपाल सरकारबाट वित्तीय हस्तान्तरण हुने सशर्त अनुदान अन्तर्गतको वैदेशिक स्रोत समावेश भएको कुनै आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा वैदेशिक सहायता सम्झौता बमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालयले निर्दिष्ट गरेको ढाँचामा छुट्टै अभिलेख राखी निर्धारित समयमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय, सम्बन्धित शोधभर्ना माग गर्ने निकाय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्रतिवेदन पेश गर्नुहुनेछ ।

घ)) वित्तीय पारदर्शिता, जवाफदेहिता र अनुगमन सम्बन्धी व्यवस्था

(२९) तहाँको खर्चको विवरण मासिक रूपमा प्रकाशन गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

(३०) तलब, भत्ता, पारिश्रमिक, विजुली, टेलिफोन जस्ता अनिवार्य खर्च बाहेक रु. ५० हजार भन्दा माथिको खर्चको Website मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

(३१) बजेट कार्यान्वयनको नियमित अनुगमन तथा समीक्षा गरी क्षेत्रगत उपलब्धि सूचक सहितको प्रगति विवरण, कार्यान्वयनमा आइपरेका समस्या र कारणहरू उल्लेख गरी रु. ३ करोडभन्दा बढी बजेट विनियोजन भएका आयोजना तथा कार्यक्रमहरुको मासिक प्रगति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र सबै आयोजना तथा कार्यक्रमहरुको चौमासिक रुपमा प्रदेश योजना आयोग र यस मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु हुनेछ ।

(३२) आयोजना/कार्यक्रमको प्रगति तथा समस्याहरु उपर मासिक रुपमा माननीय मन्त्रीज्यूको अध्यक्षतामा बैठक बसी समिक्षा गर्नुहुनेछ । मन्त्रालय स्तरबाट समाधान हुन नसकेका समस्याहरु मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश योजना आयोग र यस मन्त्रालयमा पठाउनु हुनेछ ।

(३३) नगद कारोबार गर्दा हुनसक्ने जोखिम कम गर्नको लागि तलब भत्ता, सेवा करार समेतको सबै प्रकारका भुक्तानीहरू बैंक खाता मार्फत मात्र गर्ने व्यवस्था मिलाउनु हुनेछ।

(३४) प्रदेश सरकार (मन्त्रिपरिषद्) द्वारा स्वीकृत सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मीतव्ययिता सम्बन्धी निर्देशिकाको कडाईका साथ पालना गर्नु हुनेछ ।

(३५) आयोजना/प्रमुखको कार्य सम्पादन मूल्यांकनलाई आयोजना वा कार्यालयको प्रगतिसँग आवद्ध गर्ने व्यवस्था मिलाउनु हुनेछ ।

सचिव

प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ५
बुटवल, नेपाल

☏: ०७१-५५०००३,
०७१-५५००६३

पत्र संख्या : ०७६।७७
चलानी नं.: ०३

आर्थिक वर्ष २०७६/७७ को बजेटसँग सम्बन्धित प्रकाशन यस मन्त्रालयको **Website : moeap.p5.gov.np** मा हेर्न र डाउनलोड गर्न सकिनेछ ।

श्री सचिवज्यू
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ५, बुटवल ।
आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं. ५, बुटवल ।
भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. ५, बुटवल ।
सामाजिक विकास मन्त्रालय, प्रदेश नं. ५, बुटवल ।
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ५, बुटवल ।
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं. ५, बुटवल ।

..........................
(किशोर जोशी)
सचिव

संलग्नः
क) आ.व. २०७६/७७ को बजेट वक्तव्य - २ प्रति
ख) आ.व. २०७६/७७ को व्यय अनुमान (खर्च शीर्षकगत र स्रोतगत समेत) - २ प्रति
ग) प्रदेश विनियोजन ऐन २०७६ - २ प्रति

**बोधार्थः**
श्री महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं. ५, बुटवल ।
श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर, काठमाण्डौं ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, प्रदेश नं. ५, बुटवल ।